बैठक नं. २९

आज मिति २०८० जेठ २८ गते, आइतबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा

<u>विषयहरु :</u>

१. १४ औं नगर सभा सम्बन्धमा ।

२. देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको ऋण सम्बन्धमा ।

३. रकमान्तरण सम्बन्धमा ।

४. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

५. विविध ।

**<u>निर्णयहरु :-</u>**

१. यस नगरपालिकाको १४ औं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यतामा मिति २०८०।३।६ गते दिनको १:०० बजे ख्वप इन्जिनियरिङ्ग कलेज, लिवालीमा आयोजना गर्ने निर्णय गरियो ।

२. देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको लागि मिति २०८०।१।२१ गते कार्य संचालनको लागि निकासा माग भई आए बमोजिम आयोजनाको कार्य नरोकिने गरी रु.२ करोड ऋण निकासा गरेकोमा उक्त ऋण १ वर्ष म्याद राखी अनुमोदन गर्ने निर्णय गरियो ।

३. देहाय बमोजिम रकमान्तरण गर्ने निर्णय गरियो :

पूंजीगत

| क्र.सं. | शीर्षकमा थप्नु पर्ने रकम | शीर्षकमा घटाउनु पर्ने रकम | माग भएको कार्यालय शाखा | कारण थप बजेट विनियोजना |
|---|---|---|---|---|
| १ | सडक बोर्ड कार्यक्रम रु.३७,१८,९०१।३४ | अन्य योजनाको बांकी भुक्तानी रु. ३७,१८,९०१।३४ | योजना सडक बोर्ड | थप बजेट विनियोजन |
| २ | सिहाख्वाते पर्ति जग्गा संरक्षण रु.२,०२,२८७।- | रु.२,०२,२८७।- | | रकम नपुग |
| ३ | मर्मत रु.२०,००,०००।- | रु.२०,००,०००।- | | |
| चालू तर्फ | | | | |
| १ | कर्मचारी कल्याण कोष ५०,००,०००।- | उद्वार राहत तथा पुनर्स्थापना ५०,००,०००।- | | धेरै कर्मचारीहरु अवकास तथा राजीनामा भएकोले |

४. यस नगरपालिकाको देहायका समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**<u>क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति</u>**

मिति २०८०।२।३ गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरवासी युवाहरुलाई लक्षित गरी देहाय बमोजिमका तालिमहरु संचालन गर्ने निर्णय गरियो:

   १. चिनीयाँ/जापानीज भाषा तालिम

   २. प्लम्बिङ्ग तालिम

   ३. हाउस वायरिङ्ग तालिम

   ४. मोटरसाइकल मर्मत सम्बन्धी तालिम

   ५. मोबाइल रिपेयरिङ्ग/कम्प्युटर मर्मत तालिम

   ६. डकर्मी तालिम

   ७. काष्ठकला तालिम

२. त्रिभुवन विश्वविद्यालय संस्कृति विभाग केन्द्रीय क्याम्पसमा संस्कृति विषयमा स्नातकोत्तर तहमा अध्ययनरत भक्तपुर नगरपालिका वडा नं. ५ का रोशिका जधारीले छात्रवृत्ति पाउन यस कार्यालयमा निवेदन पेश गरेकोमा निजलाई अध्ययन पश्चात् नगरपालिकाले तोकेको कार्य ६ महिनासम्म स्वयंसेवक भई कार्य गर्ने शर्तमा छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो ।

मिति २०८०।२।१८ गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाद्वारा संचालित जनज्योति पुस्तकालयको इ-लाइब्रेरी उपयोगमा उत्साहित गर्न सदस्यता शुल्क वापत वार्षिक रु.१२००।- (अक्षेरुपी बाह्र सय रुपैयां मात्र) निर्धारण गरियो । इ-लाइब्ररी सदस्यताको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**<u>ख. आर्थिक तथा लेखा समिति</u>**

मिति २०८०।२।९ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. श्री जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. का १२६ जना बचतकर्ताहरुबाट प्राप्त निवेदन अनुसार संस्थाबाट बचत रकम फिर्ता नदिएको गुनासो आएपछि संस्थाका संचालक समिति र लेखा समितिका पदाधिकारीहरुलाई संस्थाको समस्या समाधान गर्न पटक पटक बोलाउंदा समेत उपस्थित नभएको र सहकारी संस्थाका कर्मचारीहरुबाट संस्थाका संचालक र लेखा समितिका पदाधिकारीहरु संस्थाको सम्पर्कविहीन भएकोले उक्त पदाधिकारीहरुलाई खोजतलास गरी सम्पर्कमा ल्याई कार्वाही गर्न भक्तपुर नगरपालिकामा अनुरोध गरे अनुसार छलफल गर्दा हाल संस्था बन्द रहेको र पदाधिकारीहरु छलफलमा बोलाउँदा नआएको हुंदा पदाधिकारीहरुलाई खोजी सम्पर्कमा ल्याई दिन जिल्ला प्रशासन कार्यालय, भक्तपुर र जिल्ला प्रहरी परिसर, भक्तपुरलाई सम्पत्ति तथा खाता रोक्काका लागि सहकारी विभाग

मार्फत नेपाल राष्ट्र बैंक लगायतमा यस्ता घटनाहरु दोहरिन नदिनका लागि अन्य सहकारी संस्थाको संचालक समितिको स्थायी ठेगाना लगायतका विवरण हेरी अनुगमन गर्ने निर्णय गरियो ।

मिति २०८०।२।२८ गतेको आर्थिक तथा लेखा समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. श्री जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. का बचतकर्ता महेन्द्र ग्वाछा समेतको निवेदन अनुसार संस्थाबाट बचत फिर्ता नदिई हिनामिना गरेकोले संस्थाका व्यवस्थापक महेश राउतको सूर्यविनायक नगरपालिका वडा नं. १(ख) कित्ता नं. २०६, १५५७ र २०९ को जग्गा रोक्का गरी पाऊं भनी निवेदन पेश भएकोले उक्त कित्ता जग्गाहरुको श्रेस्ता भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरबाट माग गर्ने र उक्त कित्ताहरु रोक्का लागि र थप सम्पत्ति फेला परेमा सोलाई रोक्का राख्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाभित्र संचालित सहकारी संस्थाका लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुलाई संस्थाको लेखा परीक्षण गरी चौमासिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा तालिम संचालन गर्ने निर्णय गरियो ।

| ग. निर्माण समिति | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति २०८०/०२/१८ को निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो : | | | | | | | | | | | | |
| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई. रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिलखे फांटस्थित फोहोरमैला प्रशोधन केन्द्रको सिमा पर्खाल निर्माण कार्य | १० | फोहोर मैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण | ९,८४९, ६२७।१७ | | | | | | | | क्रमागत रूपमा सञ्चालन गर्ने |
| २ | महालक्ष्मी मन्दिरदेखि गोल्मढीसम्म खानेपानी पाइप बिछ्याउने कार्य | १०, ७ | मर्मत | २०१,३० २।५२ | | | | | | | | |
| ३ | धालाखुसी डिपबोरिंगमा कन्ट्रोल रूमको लागि टहरा निर्माण कार्य | १ | मर्मत | २८४,५ ९६।३१ | | | | | | | | |
| भेरियसन स्वीकृति तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड | ३ | बाग्मती प्रदेश समपुरक | ल.ई.: ३,००,० ०,०००। | कबोल रकम: १,५३,१२, | प्रथम रनिé बिल | २,१९३,८ ८८।७९ | २,१९३, ८८८।७ ९ | २,१९३,८ ८८।७९ | आंशिक सम्पन्न | रिना कन्स्ट्रक्सन प्रा.लि. | भेरिएसन स्वीकृति तथा |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | र रिटेनिंग वाल निर्माण कार्य | | अनुदान | ० रि.ल.ई.: ३,०६,७१,९७१।२५ | ३५२।०२ परिमार्जित कबोल रकम : १,५३,१२,३५२।०२ | दोस्रो रनिंग बिल | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | ३,३१६,९२२।९५ | | | तेस्रो रनिंग बिल भुक्तानी |
| | | | | | | तेस्रो रनिंग बिल | २,६४६,८१२।७० | २,६४६,८१२।७० | २,६४६,८१२।७० | | | |
| | | | | | | जम्मा | **८,१५७,६२४।४४** | **८,१५७,६२४।४४** | **८,१५७,६२४।४४** | | | |
| **रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | छुमा गणेश द्योःछें पुनः निर्माण | ६ | नपा | ८,७६४,४९२।०९ | | ६५०,०००।०० | ६९४,२६५।८० | ४४,२६५।८० | ७७९,९०२।८३ | आंशिक सम्पन्न | हरिशरण अवाल | |
| २ | कृष्ण मन्दिर पुनःनिर्माण | ३ | नपा | २,०९३,६६६।१९ | | ७००,०००।०० | ९०२,६७८।२० | २०२,६७८।२० | ९९६,२३९।९९ | आंशिक सम्पन्न | कमल नारायण धुख्वा | |
| ३ | ज्याख्व फल्चा (बेखाल) देखि महालक्ष्मी मन्दिरसम्म ढुंगा छपाई बाटो मर्मत | १० | सडक बोर्ड नेपाल | १,२८३,६७८।९४ | | ३००,०००।०० | १,०६८,१७४।८० | ७६८,१७४।८० | १,२४५,३५८।३५ | सम्पन्न | लक्ष्मीभक्त सुवाल | |
| ४ | मचो भैरव पाटी पुनःनिर्माण कार्य | ८ | नपा | ४,६३४,७६१।६४ | | ६५०,०००।०० | १,१४८,३३५।८० | ४९८,३३५।८० | १,२३७,३५८।६० | आंशिक सम्पन्न | रामप्रसाद खायमली | |
| ५ | लक्ष्मी नरसिंह मन्दिर पुनःनिर्माण कार्य (तेस्रो चरण) | ४ | नपा | ८,७८३,९०८।१७ | | २,८००,०००।०० | ३,६४१,८२०।७७ | ८४१,८२०।७७ | ४,०३१,९११।७९ | आंशिक सम्पन्न | कुमार चवाल | |
| | | | | | | ३,५००,०००।०० | ५,०२२,०६७।१६ | १,५२२,०६७।१६ | ५,३८७,८५७।५६ | | | |
| | | | | | | **६,३००,०००।००** | **८,६६३,८८७।९३** | **२,३६३,८८७।९३** | **९,४१९,७६९।३५** | | | |
| ६ | तुमचो, दुगुरे र ब्रम्हायणी क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण कार्य | ९ | तुमचो, दुगुरे र ब्रम्हायणी क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण कार्य | १,५९२,७९७।३७ | १,६२४,९९५।६४ | ५००,०००।०० | ९५३,४२२।३३ | ४५३,४२२।३३ | १,०२४,७७२।०१ | आंशिक सम्पन्न | दिलबहादुर कासिछ्वा | |
| ७ | कमलविनायक प्लानिंग बाटोको ढल निकास | १० | मर्मत | ९५,३३६।५१ | | | ८०,८२६।८३ | ८०,८२६।८३ | ८७,९९९।२२ | सम्पन्न | विज्ञान सांद | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन कार्य | | | | | | | | | | | |
| ८ | बाराही पुलमा सडक बत्ती जडान कार्य | ३ | मर्मत | ८०,३०२।८० | | २५,०००।०० | ७६,०३४।३१ | ५१,०३४।३१ | ८१,६५८।०१ | सम्पन्न | सुनिता अवाल | |
| ९ | श्री बाल सेवक निम्न मा.वि. परिसरमा ढल व्यवस्थापन कार्य | ७ | मर्मत | ५१,११५।२२ | | | ३९,६९३।१७ | ३९,६९३।१७ | ४९,८३४।३४ | सम्पन्न | हेरा ख्याजु | |

**निर्माण समितिको मिति २०८०/०२/२८ गतेको बैठकको निर्णयहरू :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई/ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | इचाडोलदेखि हनुमान पाटीसम्म ढुंगा छपाई बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल र नपा | १,०००,२८१।७८ | | | | | | | | |
| २ | ठूलो ब्यासीको ढुंगा छपाई गल्ली बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल र नपा | १,०००,८६३।०८ | | | | | | | | |
| ३ | घलातेदेखि याकती मार्गसम्म इन्टरलकिंग ब्लक छपाई बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल र नपा | १,०२३,६९८।०५ | | | | | | | | |
| ४ | गपली ढुंगेधारादेखि दोको फल्चासम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल र नपा | ९९९,४३२।५५ | | | | | | | | |
| ५ | भेलुखेलदेखि टौमढीसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | १,०००,८७२।५८ | | | | | | | | |
| ६ | छुमा गणेश मन्दिर परिसरको ढुंगा छपाई | ६ | सडक बोर्ड नेपाल र नपा | १,००३,१४७।९५ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाटो मर्मत कार्य | | | | | | | | | | | |
| ७ | क्वाकचा चोक क्षेत्रमा ढुंगा छपाई बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल र नपा | १,००५,९६३।८५ | | | | | | | | |
| ८ | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको खोला छेउको ट्र्याक बाटोमा ग्राभेल हाली मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल र नपा | १,००८,५१८।२८ | | | | | | | | |
| ९ | तुमचो दुगुरे चोखा प्लानिंग क्षेत्रको इन्टरलकिंग ब्लक छपाई फुटपाथ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल र नपा | ९७६,५७८।०६ | | | | | | | | |
| १० | बेखालस्थित टुरिष्ट काउण्टरदेखि महालक्ष्मी मन्दिरसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल र नपा | ९९९,५४५।१६ | | | | | | | | |
| ११ | भनपाको नक्सा शाखामा एल्मोनियम पार्टेशन वाल मर्मत कार्य | २ | मर्मत | ३४,२५२।७६ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | महालक्ष्मी मन्दिरदेखि गोल्मढीसम्म खानेपानी पाइप बिछ्याउने कार्य | १०, ७ | मर्मत | २०१,३०२।५२ | | | उ.स.अ. : श्री बुद्धिकुमार गोर्खाली अ.स.स. : श्री हरिरत्न गोर्खाली | | | | | |
| २ | सिलखे फांटस्थित फोहोरमैला प्रशोधन केन्द्रको सिमा पर्खाल निर्माण कार्य | १० | फोहोर मैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण | ९,८४९,६२७।१७ | | | उ.स.अ. :श्री लक्ष्मी प्रसाद चवाल अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | इचाडोलदेखि हनुमान पाटीसम्म ढुंगा छपाई बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल र नपा | १,०००,२ ८१।७८ | | | उ.स.अ. : श्री तुल्सी माया राजलवट अ.स.स.: श्री श्याम कृष्ण खत्री | पुरानो | | | |
| ४ | ठूलो ब्यासीको ढुंगा छपाई गल्ली बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल र नपा | १,०००,८ ६३।०८ | | | उ.स.अ. : श्री सत्य नारायण बासुकला अ.स.स. : श्री हरिप्रसाद बासुकला | नयां | | | |
| ५ | घलातेदेखि याकती मार्गसम्म इन्टरलकिंग ब्लक छपाई बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल र नपा | १,०२३,६९ ८।०५ | | | उ.स.अ. : श्री सुशिल श्यामा अ.स.स. : श्री कृष्ण गोपाल चौगुठी | पुरानो | | | |
| ६ | गपली ढुंगेधारादेखि दोको फल्वासम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल र नपा | ९९९,४३ २।५५ | | | उ.स.अ.:श्री संगिता शुद्धकार अ.स.स.: श्री उपेन्द्र सुवाल | | | | |
| ७ | भेलुखेलदेखि टौमढीसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | १,०००,८ ७२।५८ | | | उ.स.अ.:श्री केशव तमखु अ.स.स. : श्री कृष्णप्यारी भुजु | | | | |
| ८ | छुमा गणेश मन्दिर परिसरको ढुंगा छपाई बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल र नपा | १,००३,१ ४७।९५ | | | उ.स.अ. : श्री कृष्ण हरि खोतेजा अ.स.स. : श्री रोशन मैया सुवाल | पुरानो | | | |
| ९ | क्वाकचा चोक क्षेत्रमा ढुंगा छपाई बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल र नपा | १,००५,९ ६३।८५ | | | उ.स.अ.:श्री एण्डिज ग्वाछा अ.स.स. : श्री हेरा ख्याजु | पुरानो | | | |
| १० | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको खोला छेउको ट्र्याक बाटोमा ग्राभेल हाली मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल र नपा | १,००८,५ १८।२८ | | | उ.स.अ.:श्री विकल गोसाइ अ.स.स. : श्री राम सुन्दर बासी | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | तुमचो दुगुरे चोखा प्लानिंग क्षेत्रको इन्टरलकिंग ब्लक छपाई फुटपाथ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल र नपा | ९७६,५७८।०६ | | | उ.स.अ. : श्री बाबुकाजी गोसाई अ.स.स. : श्री इन्द्रबहादुर प्याठ | | | | | |
| १२ | बेखालस्थित टुरिष्ट काउण्टरदेखि महालक्ष्मी मन्दिरसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल र नपा | ९९९,५४५।१६ | | | उ.स.अ. : श्री लक्ष्मी भक्त सुवाल अ.स.स. : श्री कृष्ण नारायण दुमरू | | पुरानो | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बाराही पुल परिसरमा एप्रोच रोड बनाउने र रिटेनिंग वाल निर्माण कार्य | ३ | बागमती प्रदेश समपूरक बजेट | ३०,०००,०००।०० | १५,३१२,३५२।०२ | | २०८० असार १५ गतेसम्म म्याद थप गर्ने | | | | | |
| २ | शित भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) | ८ | संघीय सरकार समपूरक बजेट | १०,०७१,१३७।७९ | ५,८२७,३१५।२३ | | २०८० असार १५ गतेसम्म म्याद थप गर्ने | | | | | |
| ३ | हनुमन्ते खोला सुधार (धाला खुसी पुलदेखि सल्लाघारी पुलसम्म) | १ | संघीय सरकार विशेष बजेट | १९,८०३,३९५।१७ | ८,९४८,६५९।०० | | २०८० असार १५ गतेसम्म म्याद थप गर्ने | | | | | |
| **भेरियसन स्वीकृति तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखाल कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) | १० | बागमती प्रदेश समपूरक बजेट | ल.ई.: ३,०८,५७,२२३।०२ रि.ल.ई. : २,६४,७८,०५३।४४ १४.१९ प्रतिशतले घटी | कबोल रकम: २,४२,३३,२५५।८४ परिमार्जित कबोल रकम : २,०९,२८,७१५।५४ १३.६४ प्रतिशतले घट | | | | | | | RCC स्ल्याव, इट्टाको गारो, UPVC छाना, झ्यालको ढोकाको डिजाइन परिमार्जन भएको र प्लास्टरको क्षेत्रफल घटेको समेत |
| **रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबाली कभर्ड हल जाने बाटो पीच कार्य | ८ | सडक कालो पत्रे | २,५५२,८०७।१५ | | ६५०,०००।०० | ९५५,६४२।०० | ३०५,६४२।०० | १,१०८,५१३।६४ | आंशिक सम्पन्न | लक्ष्मी नारायण दुवाल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सिंहाख्वाते पर्ति जग्गा संरक्षणका लागि रिटेनिंग वाल निर्माण कार्य | १ | पर्ति जग्गा संरक्षण | १,५९७,८०९।४५ | | ३००,०००।०० | १,२०२,२८७।०० | ९०२,२८७।०० | १,५०६,५८८।०७ | सम्पन्न | रन्जन बमनु | रू. ७ लाख पर्ति जग्गा संरक्षण शीर्षक बाट र रू.२,०२,२८७।०० रकम योजना हरूको बांकी भुक्तानी शीर्षक बाट भुक्तानी गर्ने । |
| ३ | बेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (दोस्रो चरण) | १० | नपा | ३,०९३,५८२।२३ | | १,०००,०००।०० | १,१११,२५६।९४ | १११,२५६।९४ | १,२०६,११८।३० | आंशिक सम्पन्न | देवकुमार अवाल | |
| ४ | पोकचा द्योदेखि छुमा गणेश मन्दिरसम्म ढुंगा छपाई बाटो मर्मत | ६ | सडक बोर्ड नेपाल र नपा | १,१७३,०१२।१३ | | ३००,०००।०० | ९८४,५२९।२० | ६८४,५२९।२० | १,२४८,२७२।७० | सम्पन्न | कृष्णहरि खोतेजा | |
| ५ | याताबाट क्वाकचा जाने ढुंगा छपाई बाटो मर्मत | ७ | सडक बोर्ड नेपाल र नपा | १,२९२,४३९।७५ | | ३००,०००।०० | ९९९,८१५।०० | ६९९,८१५।०० | १,३४९,४६१।४५ | सम्पन्न | एण्डिज ग्वाछा | |
| ६ | नगर स्वास्थ्य केन्द्र, ब्यासी भवनमा मर्मत कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ८६४,४१२।८४ | ८५९,७९४।८६ | २८०,०००।०० | ३२८,२८९।५० | ४८,२८९।५० | ३७०,०१७।५५ | आंशिक सम्पन्न | रबी सुवाल | |
| ७ | भगवती स्थान जनस्वास्थ्यमा बालमैत्री वातावरण बनाउने कार्य | ५ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | २२६,०००।०० | | ६५,०००।०० | १६१,१६८।०० | ९६,१६८।०० | १६१,१६८।०० | सम्पन्न | चन्चला भैल | |

**५. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. थथुं दरवार पुनः निर्माण आयोजना संचालनको लागि हाललाई रु.२ करोड निकासा पठाउने निर्णय अनुमोदन गरियो ।**

**ख. भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम–२०६० मा देहाय बमोजिमको संशोधन गर्ने निर्णय गरियो :**

भक्तपुर नगरपालिका भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम–२०६० मा देहाय संशोधन गर्न वाञ्छित हुंदा भक्तपुर नगरपालिकाको २९ औं कार्यपालिका बैठकबाट निम्न बमोजिमको संशोधन गरिएको छ :-

**संशोधनको तिन महले विवरण**

| क्र.सं. | सम्वन्धित बुँदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | १.२.११. | "ग्राउण्ड कभरेज" भन्नाले............ चोक मुनि वेसमेन्ट बनाएको अवस्थामा त्यसलाई पछि ग्राउण्ड कभरेजमा समावेश गरिनेछ । | "ग्राउण्ड कभरेज" भन्नाले............ चोक मुनि वेसमेन्ट बनाएको अवस्थामा त्यसलाई पछि ग्राउण्ड कभरेजमा समावेश गरिने छैन । | भवन भित्र पर्ने चोक मुनि वेसमेन्ट/सेमि बेसमेन्टलाई कभरेजमा समावेश नगर्दा पनि खुल्ला क्षेत्रलाई असर नगर्ने र वेसमेन्ट/सेमि बेसमेन्टमा सवारी साधनको पार्किङ्ग व्यवस्थापनमा समेत सहजता हुने हुँदा |
| २. | १.२.११. मा (घ) थप गर्ने | - | (घ) सेटव्याक तर्फ बनाइने/बनाएको वेसमेन्ट/सेमिबेसमेन्ट यसमा सेटव्याक भन्नाले सडक क्षेत्राधिकार बाहेक सडक तर्फ छोडेको सेटव्याक, इनार, कुवा, पोखरी बाहेकका सार्वजनिक जग्गा तर्फ छोडेको सेटव्याक, झ्याल ढोका राख्न छोडेको सेटव्याकलाई जनाउने छ । बाटो तर्फ बाटोको क्षेत्राधिकार निर्धारण नभई सेटव्याक मात्र तोकिएको तर्फ वेसमेन्ट/सेमि बेसमेन्ट बनाउन दिइने छैन । | भवनको उपयोगिता वृद्धि गर्न । |
| ३. | १.२.४३. थप गर्ने | - | "ग्राउण्ड कभरेज गणना" भन्नाले नक्सा प्रेषित जग्गाको जग्गा धनी पूर्जामा उल्लेखित क्षेत्रफललाई शत प्रतिशत मानी यस विनियमको विभिन्न बुँदाहरुमा तोकिए बमोजिमको प्रतिशत गणनालाई जनाइने छ । नक्सा प्रेषित जग्गाको जग्गाधनी पूर्जा अनुसारको क्षेत्रफलमा मन्जुरी बाटो, चलन चल्तीको बाटो, मन्दिर, कुवा, धारा आदि जस्ता सार्वजनिक प्रयोजनको भौतिक अवस्था रहे भएको अवस्थामा समेत ती भौतिक अवस्था समेतलाई समावेश गरी ग्राउण्ड कभरेज गणना गरिनेछ । | ग्राउण्ड कभरेज गणना सम्बन्धी स्पष्ट व्यवस्था |
| ४. | ३.२.१.१. पुनश्च | पुनश्च : सडक वा बाटो तर्फ नियमानुसार जग्गा छाड्दा वा घर लाइन मिलाउँदा पछाडि बाँकी हुने जग्गा ६ मिटरसम्म गहिराई भएको अवस्थामा पछाडि बाँकी रहेको जग्गा पूरा कभरेज गरी बनाउन सकिनेछ । *पूर्जामा र नापी नक्शामा साविक घर जनिएको तर पूर्जा भन्दा बढी घर र जग्गाको क्षेत्रफल देखिएको बिश्व सम्पदा क्षेत्रभित्र पर्ने घर पुनः निर्माणको लागि नक्शा पेश हुन आएमा सोही अनुसार नक्शा स्वीकृति दिन सकिने छ ।* | पुनश्च : सडक वा बाटो तर्फ नियमानुसार जग्गा छाड्दा वा घर लाइन मिलाउँदा पछाडि बाँकी हुने जग्गा ६ मिटरसम्म गहिराई भएको अवस्थामा पछाडि बाँकी रहेको जग्गा पूरा कभरेज गरी बनाउन सकिनेछ । *पूर्जामा र नापी नक्शामा साविक घर जनिएको तर पूर्जा भन्दा बढी घर र जग्गाको क्षेत्रफल देखिएको बिश्व सम्पदा क्षेत्रभित्र पर्ने घर पुनः निर्माणको लागि नक्शा पेश हुन आएमा फिल्ड अनुसार नक्शा स्वीकृती दिन सकिने छ ।* साविक बमोजिम मर्मत र पुनःनिर्माण गर्दा ०-२-२-० भन्दा बढी क्षेत्रफल हुने गरी एक वा एक भन्दा बढी कित्ताहरु एकिकृत रुपमा नक्सा पेश गर्दा नापी नक्सा र पूर्जामा घर जनिएको कित्ताको हकमा १०० प्रतिशत र नापी नक्सामा आंशिक र पुर्जामा घर जनिएको कित्ता जग्गाको लागि ९० प्रतिशतले हुन आउने गरी नक्सा स्वीकृति दिन सकिनेछ । | |
| ५. | ३.२.२.१. पुनश्च | पुनश्च : सडक वा बाटो तर्फ नियमानुसार जग्गा छाड्दा वा घर लाइन मिलाउँदा पछाडि बाँकी हुने जग्गा ६ मिटरसम्म गहिराई भएको अवस्थामा पछाडि बाँकी रहेको जग्गा पूरा कभरेज गरी बनाउन सकिनेछ । *पूर्जामा र नापी नक्शामा साविक घर जनिएको तर पूर्जा भन्दा बढी घर र जग्गाको क्षेत्रफल देखिएको पुरानो नगर क्षेत्रभित्र पर्ने घर पुनः निर्माणको लागि नक्शा पेश हुन आएमा सोही* | पुनश्च : सडक वा बाटो तर्फ नियमानुसार जग्गा छाड्दा वा घर लाइन मिलाउँदा पछाडि बाँकी हुने जग्गा ६ मिटरसम्म गहिराई भएको अवस्थामा पछाडि बाँकी रहेको जग्गा पूरा कभरेज गरी बनाउन सकिनेछ । *पूर्जामा र नापी नक्शामा साविक घर जनिएको तर पूर्जा भन्दा बढी घर र जग्गाको क्षेत्रफल देखिएको पुरानो नगर क्षेत्रभित्र पर्ने घर पुनः निर्माणको लागि नक्शा पेश हुन आएमा फिल्ड अनुसार नक्शा स्वीकृती दिन सकिने छ ।* साविक बमोजिम मर्मत र पुनःनिर्माण गर्दा ०-२-२-० भन्दा बढी | स-सानाको कित्ताको स्थानमा ती कित्ताहरु एकिकृतरु पमा नक्सा पेश गर्न प्रोत्साहन गर्ने र जग्गा र भवनको उपयोगितामा वृद्धि गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | *अनुसार नक्शा स्वीकृती दिन सकिने छ ।* | क्षेत्रफल हुने गरी एक वा एक भन्दा बढी कित्ताहरु एकिकृत रुपमा नक्सा पेश गर्दा नापी नक्सा र पूर्जामा घर जनिएको कित्ताको हकमा १०० प्रतिशत र नापी नक्सामा आंशिक र पुर्जामा घर जनिएको कित्ता जग्गाको लागि ९० प्रतिशतले हुन आउने गरी नक्सा स्वीकृति दिन सकिनेछ । | |
| ६. | ३.२.२.३. | यस क्षेत्रमा प्राकृतिक स्लोपको कारणबाट लेबल डिफ्रेन्सको हदसम्म सेमि वेसमेन्ट बनाउन सकिने छ । बेसमेन्ट बनाउने गरी अनुमति दिइने छैन । एक तल्ला सम्मको सेमि वेसमेन्टलाई कूल उचाई गणना गर्ने छैन । | यस क्षेत्रमा प्राकृतिक स्लोपको कारणबाट लेबल डिफ्रेन्सको भएको अवस्थामा बेसमेन्ट/सेमि वेसमेन्ट बनाउन सकिने छ । एक तल्ला सम्मको बेसमेन्ट/सेमि वेसमेन्टलाई कूल उचाई गणना गर्ने छैन । | पुरानो नगर क्षेत्रमा बेसमेन्ट/सेमि बेसमेन्ट राख्न दिई भवनको उपयोगिता वृद्धि गर्न । |
| | ३.३.१.२ पुनश्च | पुनश्च : साविक भइरहेको क र ख वर्गका भवनलाई यथावत कायम गर्ने । | पुनश्च : साविक भइरहेको क र ख वर्गका भवनलाई यथावत कायम गर्ने । *साविक बमोजिम मर्मत र पुनःनिर्माण गर्दा नापी नक्सामा आंशिक र पूर्जामा घर जनिएको कित्ता जग्गाको हकमा ०-२-२-० सम्म ९० प्रतिशत र ०-२-२-० भन्दा बढी क्षेत्रफलमा ८० प्रतिशतसम्म स्वीकृत दिन सकिने छ ।* | |
| ७. | ३.३.१.४. | ३.३.१.४. अधिकत्तम तल्ला :- भवनको अधिकत्तम तल्ला विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्र दुवैमा ३ तल्ला हुने छ । तर पुरानो नगर क्षेत्रमा भऱ्याङ्ग खण्ड छुट्टै बनाउन सकिने छ । | अधिकत्तम तल्ला :- भवनको अधिकत्तम तल्ला विश्व सम्पदा क्षेत्र ४ तल्ला र पुरानो नगर क्षेत्र ४ र भऱ्याङ्ग खण्ड गरी ५ तल्ला हुने छ । | सार्वजनिक भवनको उपयोगिता वृद्धि गर्न र सार्वजनिक भवन विश्व सम्पदा र पुरानो नगर क्षेत्रमा समेत रहन/बनाउन प्रोत्साहित गर्नका लागि |
| ८. | ३.३.१.७. | ३.३.१.७. भऱ्याङ तथा करीडोर :- मूल भऱ्याङ तथा करीडोर न्यूनतम चौडाई १.५ मिटर (५') हुनु पर्दछ । भऱ्याङको खुड्किलाको चौडाई (Tread) न्यूनतम ११" र खुड्किलाको उचाई (Riser) अधिकत्तम ७" हुनु पर्नेछ । यदि प्रत्येक तल्लामा Floor Area २५०० वर्ग फिटभन्दा बढी हुने र Travel Distance २५ मिटर भन्दा बढ्न गएको अवस्थामा अन्य सार्वजनिक भवनको हकमा पनि न्यूनतम १ वटा थप सहायक भऱ्याङ हुनुपर्नेछ । त्यस्ता सहायक भऱ्याङको चौडाई न्यूनतम १ मिटर हुनुपर्ने छ । ५०० वर्ग फिटभन्दा बढी प्लिन्थ एरिया भएका भवनहरुमा अपांग तथा असक्त व्यक्तिहरुसमेत भूई तल्ला र शौचालयसम्म पुग्न सक्ने गरी स्लोप (Ramp) को व्यवस्था गर्नु पर्नेछ । सोको चौडाइ न्यूनतम १ मिटर (३'३") राख्नु पर्दछ र Ramp बनाउँदा १:१० भन्दा बढी स्लोप राख्नु हुँदैन । | भऱ्याङ तथा करीडोर :- मूल भऱ्याङ तथा करीडोर न्यूनतम चौडाई १.५ मिटर (५') हुनु पर्दछ । भऱ्याङको खुड्किलाको चौडाई (Tread) न्यूनतम ११" र खुड्किलाको उचाई (Riser) अधिकत्तम ७" हुनु पर्नेछ । यदि प्रत्येक तल्लामा Floor Area २५०० वर्ग फिटभन्दा बढी हुने र Travel Distance २५ मिटर भन्दा बढ्न गएको अवस्थामा अन्य सार्वजनिक भवनको हकमा पनि न्यूनतम १ वटा थप सहायक भऱ्याङ हुनुपर्नेछ । त्यस्ता सहायक भऱ्याङको चौडाई न्यूनतम १ मिटर हुनुपर्ने छ । २५०० वर्ग फिटभन्दा बढी प्लिन्थ एरिया भएका भवनहरुमा अपांग तथा असक्त व्यक्तिहरुसमेत भूई तल्ला र शौचालयसम्म पुग्न सक्ने गरी स्लोप (Ramp) को व्यवस्था गर्नु पर्नेछ । सोको चौडाइ न्यूनतम १ मिटर (३'३") राख्नु पर्दछ र Ramp बनाउँदा १:१० भन्दा बढी स्लोप राख्नु हुँदैन । *तर साविक नापी नक्सा हुँदा नै घर जनिएको कित्ता जग्गामा भवन निर्माण गर्दा मूल भऱ्याङ तथा करीडोर न्यूनतम चौडाई १ मिटर (३'३") हुनु पर्दछ ।* | नापी नक्सामा साविकमा घर जनिएको घर जग्गा सार्वजनिक उपयोगिताकामा सहजताका लागि र सार्वजनिक भवन पुरानो नगर क्षेत्रमा रहन/बनाउन प्रोत्साहित गर्नका लागि |
| ९. | परिच्छेद ५ को ५.२३. | ........................ र खरिपाटी ब्यारेकदेखि मूलढोका सुडाल सडक जोड्ने बाटो :- सडक सीमा क्षेत्र ( सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ दुरी) ६-६ मिटर, सडक छेउबाट छोड्नु पर्ने दुरी (सेटव्याक) १.५-१.५ मि., भवन निर्माण रेखा (सडकको | ........................ र खरिपाटी ब्यारेकदेखि मूलढोका सुडाल सडक जोड्ने बाटो :- सडक सीमा क्षेत्र (सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ दुरी) ४-४ मिटर, सडक छेउबाट छोड्नु पर्ने दुरी (सेटव्याक) १.५-१.५ मि., भवन निर्माण रेखा (सडकको केन्द्र विन्दुबाट दायाँ बायाँ) ५.५-५.५ मि. | चाँगुनारायण न.पा.ले उक्त बाटोको मापदण्ड सेटव्याक सहित ५.५ मिटर कायम गरेको र दुई नगरपालिकाको सिमाना बाटो हुँदा |

| | | | | |
|---|---|---|---|---|
| | | केन्द्र विन्दुबाट दायाँ बायाँ) ७.५-७.५ मि. | | |
| १०. | परिच्छेद ५ को ५.६० को कैफियत व्यहोरा | हाइटेन्सन लाइनको छेउबाट । विद्युत प्राधिकरणले समय समयमा तोकेको प्रावधान समेत बमोजिम हेरफेर हुन सक्नेछ । | हाइटेन्सन लाइनको छेउबाट । विद्युत प्राधिकरणले समय समयमा तोकेको प्रावधान समेत बमोजिम हेरफेर हुन सक्नेछ । तर साविकमा हाइटेन्सन लाइन भएको र हाल हाइटेन्सनको तार कायम नरहेको कित्ता जग्गाहरुमा स्थलगत सर्जमिन गरी हाइटेन्सन तार कायम नरहेको सर्जमिन भई आएको अवस्थामा सेटव्याक छोड्नु नपर्ने । | हाल फिल्डमा हाइटेन्सन लाइनको तार लाइन कायम नभएको अवस्थामा मापदण्ड कायम रहदा नक्सा पास प्रक्रियामा असहज भएको । नियमानुसार मापदण्ड छोड्न तार लाइनको छेउबाट तोकिएको मापदण्ड छोड्नु पर्ने छ तर फिल्डमा तार लाइन कायम नभएको हुंदा मापदण्ड छोड्न नपर्ने व्यवस्था गर्दा उपयुक्त हुने । |
| ११. | १०.६. | १०.६. बाधा अड्काउ फुकाउ : यस मापदण्ड कार्यान्वयनको सिलसिलामा व्यवहारिक एवं प्राविधिक दृष्टिकोणबाट कुनै किसिमको फरक पर्ने भई समस्या उत्पन्न भएमा त्यस्तो समस्याको वाधा फुकाउन प्रमुखले सम्बन्धित विशेषज्ञ, प्राविधिकहरु समेतको संलग्नतामा देहाय बमोजिम वाधा अड्काउ फुकाउ समिति गठन गर्न सक्ने छ ।<br>क. प्रमुख वा प्रमुखले तोकेको व्यक्ति संयोजक<br>ख. योजना शाखा प्रमुख सदस्य<br>ग. कानुन अधिकृत वा मुद्दा उपशाखा प्रमुख, सदस्य<br>घ. प्रतिनिधि, ने.न.क.ए., भ.न.पा., सदस्य<br>ङ. नक्शा उपशाखाका प्रमुख, सदस्य सचिव<br>यस समितिमा आवश्यकता अनुसार सम्बन्धित वडाका वडाध्यक्ष वा अन्य जनप्रतिनिधि वा सम्बन्धित वडा सचिव र विषयगत विशेषज्ञहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ । बाधा अड्काउ फुकाउ समितिको सिफारिसको औचित्य हेरी प्रमुखले आवश्यक निर्णय गर्न सक्नेछ । | १०.६. बाधा अड्काउ फुकाउ : यस मापदण्ड कार्यान्वयनको सिलसिलामा व्यवहारिक एवं प्राविधिक दृष्टिकोणबाट कुनै किसिमको फरक पर्ने भई समस्या उत्पन्न भएमा त्यस्तो समस्याको वाधा फुकाउन प्रमुखले सम्बन्धित विशेषज्ञ, प्राविधिकहरु समेतको संलग्नतामा देहाय बमोजिम वाधा अड्काउ फुकाउ समिति गठन गर्न सक्ने छ ।<br>क. प्रमुख वा प्रमुखले तोकेको व्यक्ति - संयोजक<br>ख. भ.न.पा. निर्माण समितिको संयोजक - सदस्य<br>ग. सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य<br>घ. प्रमुख प्रशासकीय अधिकृत- सदस्य<br>ङ. कानुन अधिकृत वा मुद्दा उपशाखा प्रमुख - सदस्य<br>च. नक्शा उपशाखाका प्रमुख - सदस्य सचिव<br>यस समितिमा आवश्यकता अनुसार अन्य जनप्रतिनिधि वा सम्बन्धित वडा सचिव र विषयगत विशेषज्ञहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ । वाधा अड्काउ फुकाउ समितिको सिफारिसको औचित्य हेरी प्रमुखले आवश्यक निर्णय गर्न सक्नेछ । | |
| | | | | |
| १२. | | भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६०, तेश्रो संशोधनको परिच्छेद ५ बुदा नं. ५.५० मा चलन चल्तीको गोरेटो बाटोबाट मापदण्ड छोड्नु पर्ने व्यवस्था भएको (पेज नं. ४६) | भ.न.पा. का सम्पूर्ण वडाहरुको चलन चल्ती बाटोको विवरण संकलन गरि त्यस बाहेकका बाटोलाई चलनचल्ती बाटो रुपमा मान्यता नदिने गरि व्यवस्था गर्नुपर्ने । | नक्सा पासको क्रममा पेश भएका नक्सामा चलनचल्ती बाटो उल्लेख गरि पेश हुने तर चलनचल्ती बाटो हो होइन भन्ने पहिचान गर्न गाह्रो भएकोले नक्सा पास प्रक्रियामा समस्या उत्पन्न भएको |

**भक्तपुर नगरपालिकाको नक्सा पास सम्बन्धी संक्षिप्त कार्यविधि २०७४ मा पहिलो संशोधन गर्न वाञ्छित हुंदा भक्तपुर नगरपालिकाको कार्यपालिका बैठकबाट निम्न बमोजिमको संशोधन गरिएको छ :-**

**संशोधनको तिन महले विवरण**

| क्र.सं. | सम्वन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | बुँदा नं. २.३ | 'निर्माण अनुमति' भन्नाले नगरपालिका क्षेत्र भित्र घर, भवन, टहरा, ग्यारेज, पर्खाल... | 'निर्माण अनुमति' भन्नाले नगरपालिका क्षेत्र भित्र टहरा, ग्यारेज, पर्खाल... | टहरा, ग्यारेज, पर्खाल निर्माण गरिने संरचनाको लागि मात्र कार्यविधि लागु गर्न उचित हुने । घर भवनको हकमा हाल प्रचलित व्यवस्था अनुसार नै गर्न उचित हुने । |
| २. | बुँदा नं. २.४ | 'घर, भवन' भन्नाले ईटा वा ढुंगा वा सिमेन्ट र फलाम वा काठ आदि ... | टहरा, ग्यारेज, पर्खाल भन्नाले ईटा वा ढुंगा वा सिमेन्ट र फलाम वा काठ आदि । | ,, |
| ३. | बुँदा नं. २.८ | 'दर्खाष्ट फाराम' भन्नाले घर, भवन निर्माण अनुमति र नक्सा पासको लागि | 'दर्खाष्ट फाराम' भन्नाले टहरा, ग्यारेज, पर्खाल निर्माण अनुमति र | ,, |

| | | | | |
|---|---|---|---|---|
| | | नापदण्ड तोकिएको .... | नक्सा पासको लागि नापदण्ड तोकिएको .... | |
| ४. | बुँदा नं. २.१० | 'बाटो (आगमन मार्ग)' भन्नाले घर, भवन, टहरा वा ग्यारेजसम्म पुग्न वा आवतजावतको लागि .... | 'बाटो (आगमन मार्ग)' भन्नाले घर, भवन, टहरा वा ग्यारेजसम्म पुग्न वा आवतजावतको लागि .... | " |
| ५. | बुँदा नं. २.१३ | 'निर्माणकर्ता' भन्नाले घर, भवन, टहरा वा ग्यारेज वा पर्खाल निर्माण अनुमति... | 'निर्माणकर्ता' भन्नाले टहरा वा ग्यारेज वा पर्खाल निर्माण अनुमति... | " |
| ६. | बुँदा नं. ३ | 'निर्माण अनुमति दर्खाष्ट' नगरपालिका क्षेत्रभित्र घर, भवन, टहरा वा ग्यारेज वा पर्खाल निर्माण ... | 'निर्माण अनुमति दर्खाष्ट' नगरपालिका क्षेत्रभित्र टहरा वा ग्यारेज वा पर्खाल निर्माण ... | " |
| ७. | बुँदा नं. ३.१ | निर्माण अनुमतिका लागि देहाय बमोजिम हुनुपर्नेछ, क) घर, भवन निर्माणका लागि मापदण्डमा तोकिएको बमोजिम र टहरा, ग्यारेज वा पर्खालको लागि ...। | निर्माण अनुमतिका लागि देहाय बमोजिम हुनुपर्नेछ, क) निर्माणका लागि मापदण्डमा तोकिएको बमोजिम र टहरा, ग्यारेज वा पर्खालको लागि ...। | " |
| ८ | बुँदा नं. ४ | निर्माण सम्बन्धि व्यवस्था - नगरपालिका क्षेत्रभित्र कुनैपनि प्रकारको घर, भवन, टहरा, ग्यारेज, पर्खाल आदि ... | निर्माण सम्बन्धि व्यवस्था - नगरपालिका क्षेत्रभित्र कुनैपनि प्रकारको टहरा, ग्यारेज, पर्खाल आदि ... | " |
| ९ | बुँदा नं. ४(ख) | .... घर, भवन, टहरा र ग्यारेज बनाउन अनुमति दिईनेछ। | .... टहरा र ग्यारेज बनाउन अनुमति दिईनेछ। | " |
| १० | बुँदा नं. ४(ग) | घर, भवन, टहरा, ग्यारेज र पर्खाल निर्माण ... | टहरा, ग्यारेज र पर्खाल निर्माण ... | " |
| ११ | बुँदा नं. ४(घ) | निर्माण अनुमति लिईने घर, भवन, टहरा, ग्यारेज निर्माण ... | निर्माण अनुमति लिईने टहरा, ग्यारेज र निर्माण ... | " |
| १२ | बुँदा नं. ४(ङ) | व्यवसायी प्रयोजनको लागि निर्माण अनुमति लिएका घर, भवन, टहरा, ग्यारेज ... | व्यवसायी प्रयोजनको लागि निर्माण अनुमति लिएका टहरा, ग्यारेज ... | " |
| १३ | बुँदा नं. ४(च) | ... वसोवास प्रयोजनको लागि अनुमति लिएका घर, भवन, टहरा, ग्यारेज .. | ... वसोवास प्रयोजनको लागि अनुमति लिएका टहरा, ग्यारेज ... | " |
| १४ | बुँदा नं. ४(छ) | निर्माण अनुमति र नक्सा पास भएका घर, भवन, टहरा, ग्यारेज ... | निर्माण अनुमति र नक्सा पास भएका टहरा, ग्यारेज ... | " |
| १५ | बुँदा नं. ५.४ | ...सम्बन्धित वडा निरिक्षक सम्बन्धित ... | ...सम्बन्धित वडा कार्यालय सम्बन्धित ... | नक्सा पास सर्जमिन सम्बन्धित वडा कार्यालयबाट हुने गरेको। |
| १५ | बुँदा नं. ५.६ | ...भएपछि प्रमुखले अनुसुचि ६ बमाजिम ... | ... भएपछि प्रमुख प्रशासकीय अधिकृतले अनुसुचि ६ बमाजिम ... | हाल नक्सा पास गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतबाट हुने व्यवस्था भएको। |
| १६ | बुँदा नं. ७ | ...प्रमुखमा निहित अधिकार उपप्रमुख वा वडा अध्यक्ष वा प्रशासकीय अधिकृत ... | ... प्रमुख प्रशासकीय अधिकृतमा निहित अधिकार अन्य अधिकृतलाई ... | " |
| १७ | | अनुसुचि ६ .... यस नगरपालिकाको .... को निर्णय अनुसार तपाईलाई ... | अनुसुचि ६ .... प्रचलित मापदण्ड अनुसार भएकोले तपाईलाई ... | |
| १८ | | अनुसुचि ६ .... स्वीकृत गर्ने प्रमुख ... | अनुसुचि ६ .... स्वीकृत गर्ने प्रशासकीय अधिकृत ... | |
| १९ | | .... कि.नं. .... मा घर, भवन, टहरा, ग्यारेज वा पर्खाल ...। | .... कि.नं. .... मा टहरा, ग्यारेज वा पर्खाल ... | |

**ग. भक्तपुर नगरपालिकाबाट विभिन्न मितिमा सूचना प्रकाशित गरे वापत मजदुर दैनिक पत्रिकालाई आ.व. २०७९/०८० मा हालसम्म दिएको भुक्तानी रु.१९,३०,२५६।- लाई अनुमोदन गरी बांकी रु.३,९२,७९६।- भुक्तानी दिने निर्णय गरियो।**

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित चेन डोजरमा मोविल फेरे वापत रु. ८,८०३।- भाजु रत्न एजेन्सी प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको बा ३४ प ८८२४ नं. मोटरसाईकलमा चेन किट, सेल्फ कार्वन, बार्क सोल तथा अन्य सामान फेरे वापत रु. ५,६००।- एन.जे.मोटरसाईकल वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने वा १ क ३५७७ नं. बुल डोजरमा चार्ज डाइनामा, फाईन बेल्ट बनाए बापत रु. ३१,०७५।- हाम्रो हेभी ईकुपमेन्ट वर्कशप प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने वा १ ग ४१३७ नं. गाडीमा ईन्जिन आयल फिल्टर ईलिमेन्ट, फिल्टर बाईपास तथा अन्य सामान बनाए वापत रु.१२,५७४।४६ जि एफ आई सर्भिसेस काठमाण्डौं प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ज. भक्तपुर नगरपालिकाद्वारा संचालित BAB ३२९८ नं. एम्बुलेन्स सेवा गाडीमा हाइड्रोलिक पाईप मर्मत गरे बापत रु.२,४३३।७३, बा १ ग ३२३९ नं. गाडीमा मोविल फिल्टर, आयल फिल्टर तथा अन्य सामान फेरे वापत रु.२०,१६५।५६, बा १ ग ३२३८ नं. गाडीमा फ्यूल वाटर, ईयर फिल्टर, ईन्जिन आयल तथा अन्य सामान मर्मत गरे वापत रु. ३०,२२५।- गरी कुल जम्मा रु.५२,८२५।- सिप्रदी ट्रेडिङ्गलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहोर मैला संकलन गर्ने बा १ ग ३२४० नं गाडीमा ढोका र पिलर डेन्ट पेन्ट गरे वापत रु.१६,६५०।५५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकाद्वारा संचालित BAC ४९५३ नं. एम्बुलेन्स सेवा गाडीमा ह्यान्ड ब्रेक तार, फाईन बेल्ट र पुलि बियरिङ तथा अन्य सामान फेरे वापत रु. १६,४९८।- डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकाद्वारा संचालित BAB ७२७७ नं. गाडीमा अगाडिको पत्ता, पछाडिको पत्तालगायत बिल अनुसारको सामान फेरी मर्मत गरे बापत रु.२१,२१०।१०, बा १ ग ३२४० नं गाडीमा 407 vac गरे वापत रु. १९,८०३।२५ र बा १ क ३५५८ नं ट्रिपर गाडीको वाटर पम्प, मेन पाइप तथा अन्य सामान फेरी मर्मत गरे वापत रु. २२,५४३।५० गरी कुल जम्मा रु.६३,५५७।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा २ च ६०४९ नं. गाडीमा नयाँ ब्याट्री फेरे वापत रु. १३,४८२।- र वा १ ग २२६४ नं. गाडीमा १०० A.P. ब्याट्री फेरे वापत रु.१६,६२१।- गरी जम्मा रु.३०,१०३।- नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई भुक्तानी दिने निर्णय गरियो ।

ड. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने को १ स १६७८ नं तीन पाङ्ग्रे ट्राइसाइकलमा काउन सेट फेरे वापत रु. ४२,९४०।- एस.एन.मेटल एण्ड मेकानिकल वर्क्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. भ.न.पा द्वारा आयोजित वाकुपति नारायण मन्दिरको तामाको छाना सुनको जलप लगाउने कार्यक्रमको उद्घाटन समारोहको लागि, टोल टोलमा घरेलु तथा साना उद्योग प्रवर्द्धन महोत्सव कार्यक्रम र प्रगतिशील भजन प्रतियोगिता कार्यक्रममा आवश्यक साउण्ड सिस्टम र लाइट सिस्टम उपलब्ध गराए वापत रु.८७,५००।- बास नेशनल साउण्ड सिस्टमलाई भुक्तानी दिने निर्णय गरियो ।

ण. भक्तपुर नगरपालिकाद्वारा संचालित फोहर मैला संकलन गर्ने को १ स १६७८ नं. तीन पाङ्ग्रे ट्राइसाइकलमा पंचर तथा यु.ए. बी. बोर्ड मर्मत गरे वापत रु.२८५०।- विष्णुप्रसाद देउलालाई भुक्तानी दिने निर्णय गरियो ।

त. मिति २०७९।१२।२८ गते रोम्बस स्कुलले शिक्षा कार्यालयको नाममा नेपाल बैंकमा जम्मा गर्नुपर्ने रकम यस न.पा.को आन्तरिक राजश्वमा जम्मा गरेकोले सक्कल रसिद साथ संलग्न गरी रकम फिर्ता पाउं भनी दिएको निवेदन अनुसार राजश्व फिर्ता शीर्षकबाट रकम फिर्ता गर्ने निर्णय गरियो ।

थ. भक्तपुर नगरपालिकाले जनप्रतिनिधिहरुको १ वर्ष पुगेको अवसरमा मिति २०८०।०२।०६ गते आयोजित ई-लाईब्रेरी शुभारम्भ कार्यक्रममा मेच, टेण्ट, फलफूल तथा चिया मिठाईको व्यवस्था गरे वापत रु.१६,३६०।- कार्यालय सहयोगी रामकृष्ण खुलिमुलीलाई भुक्तानी दिने निर्णय गरियो ।

द. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१२६०।- बालकृष्ण खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

ध. भक्तपुर नगरपालिकामा मिति २०८०।२।२० गते चालकहरुलाई प्रयोगात्मक परीक्षा संचालन गर्दा चिया र खाना उपलब्ध गराए वापत रु. १,४००।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

न. नपामा विभिन्न समयमा फलफूल, विस्कुट, दही तथा अन्य खाजा सामग्रीहरु उपलब्ध गराए वापत रु. ३४,४००।- आर.के. जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

प. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा व्यवस्था गरे वापत रु. ४८,३६०।- भ्:छें नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

फ. भनपाद्वारा गणतन्त्र दिवसको उपलक्ष्यमा मिति २०८०।२।१५ गते टुंडिखेलमा भएको मूल समारोहमा गलसीं पुखु माक प्याखंले झ्ााकी प्रदर्शनीमा गएकाहरुलाई खाजाको व्यवस्था गरे वापत रु.२५२०।- तुल्सीनारायण दण्डेख्यालाई भुक्तानी दिने निर्णय गरियो ।

ब. वडा नं ५ का वडा सदस्य श्री कृष्णप्यारी भुजूले मिति २०७९।१२।१७ गते भएको भजन प्रतियोगिताको लागि रु.३,००,०००।- पेश्की लिएकोमा रु.४,२७,००७।- खर्चको फांटवारी पेश गरी पे.फ का लागि दिएको निवेदन अनुसार निजको खर्च समर्थन गरी नपुग रकम भुक्तानी दिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।